म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र


# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ३३० २०८१ कार्तिक २२ गते बिहीबार 7 November 2024, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-




### मुख्यमन्त्री लामाको 'हनिमुन पिरियड'

# बलियो सरकारको कमजोर भूमिका



समाज संवाददाता

हेटौंडाः संघमा सत्ता समीकरण परिवर्तनपछि बागमती प्रदेशमा पनि सोही अनुसार सरकार गठन भयो। २०८१ साउन ९ मा पहिलो पटक कांग्रेसले बागमती सरकारको नेतृत्व लिएको थियो। कांग्रेसबाट प्रदेश सरकारको नेतृत्व संसदीय दलको नेता बहादुर सिंह लामाले गरेका छन् ।

कांग्रेस एमालेको गठबन्धनबाट गठित मुख्यमन्त्री लामा नेतृत्वको उक्त सरकारले १०० दिन पूरा गरेको छ। यस अवधिको मूल्यांकन गर्दा अंकगणितीय रुपमा मुख्यमन्त्री लामा नेतृत्वको सरकार बलियो छ। तर, व्यवस्थापकीय भूमिकामा भने कमजोर देखिएको छ । अंकगणित अनुसार प्रदेशसभाको २ ठूला दलले सरकार गठन गरेका छन् । कुल ११० सिटको प्रदेशसभामा ३७ सिट रहेको कांग्रेस र २७ सिट रहेको एमालेले मिलेर ६४ सिटसहित सरकार गठन गरेका थिए ।

साउन १५ मा संसदबाट विश्वासको मत लिएर ६४ सांसदको समर्थनसहित सरकार सुरक्षित गरेका मुख्यमन्त्री लामा नेतृत्वको सरकारको कमाण्ड निकै कमजोर देखिएको हो । १०० दिनमा मुस्किलले ५ वटा क्याबिनेट बैठक बसेर सामान्य निर्णयबाहेक अन्य कुनै पनि विषयहरु सरकारको प्राथमिकतामा परेको देखिँदैन ।

प्रदेश सरकार नियमित कामबाहेक अन्य ठोस योजनामा अघि बढ्न सकेको देखिँदैन । नियमति प्रक्रियामा हुने बैठक तथा कार्यक्रम र बजेट कार्यक्रम कार्यान्वयन नै प्रदेश सरकारको प्रगतिको रुपमा देखिएको छ । संघीयता, प्रदेश सरकारको औचित्य, उत्पादन तथा उत्पादकत्व वृद्धि, आर्थिक सामाजिक रुपान्तरण र समृद्धिका सवालमा सरकारको भूमिका खासै देखिएको छैन । प्रदेशको रुपान्तरकारी आयोजना छनौट तथा कार्यान्वयन, कर्मचारी व्यवस्थापनमा सरकारले ठोस निर्णय गर्न सकेको छैन ।

## मन्त्री व्यवस्थापन मुख्यमन्त्रीलाई घाँडो

सरकारको नेतृत्व लिएको १०० दिन बढी भइसक्दा समेत मुख्यमन्त्री लामाले मन्त्री व्यवस्थापन गर्न सकेका छैनन् । मुख्यमन्त्री लामालाई प्रदेशको एक बिनाविभागीय मन्त्रीको जिम्मेवारी तोक्नु घाँडोजस्तै बनेको छ । साउन ९ र १२ मा गरी सरकारलाई पूर्णता दिएका मुख्यमन्त्री लामाले १३ मन्त्रालयमा १४ मन्त्री नियुक्त गरेका थिए ।

एमालेबाट ६ र कांग्रेसबाट आफूबाहेक ७ मन्त्री नियुक्त गरेका मुख्यमन्त्री लामाले जिम्मेवारीविहिन रहेका मदुकुमार श्रेष्ठको विभागीय जिम्मेवारी तोक्न कठिन देखिएको छ । एकातर्फ कांग्रेसभित्रको आन्तरिक द्वन्द्व र अर्कोतर्फ साझेदार दलबिचको शक्ति सन्तुलनले मुख्यमन्त्री लामालाई मन्त्री व्यवस्थापन समस्या बनेको हो। मन्त्रालयको संख्या बढाउन साझेदार दल तयार नहुँदा मुख्यमन्त्री लामा बिनाविभागीय मन्त्री बोकेर हिँड्न बाध्य छन् ।

## विपद् प्रतिकार्यमा कमजोर व्यवस्थापन

सरकारले विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरणमा समेत आफ्नो भूमिका देखाउन नसकेको भन्दै आलोचना बढ्दो छ । गत असोज १० देखि १२ गतेसम्मको वर्षाका कारण निम्तिएको विपत्तिले बागमती प्रदेशलाई क्षतविक्षत बनाएको छ। वर्षाका कारण आएको बाढी पहिरोले जनधनको ठूलो क्षति हुनुको साथै सडक पूर्वाधारहरु नै बगाएर बगरमा परिणत गरिदिएको छ। विपद्को समयमा सरकारको भूमिका न उद्दारमा देखियो, न प्रतिकार्यमा नै ।

सो अवधिमा विपद् पूर्वसूचना प्रवाह सरकारको पहुँचभन्दा निकै टाढा रहेको देखियो । विपद्पश्चात् सरकारले राहत वितरणमा समेत प्रभावकारी काम गर्न सकेको देखिँदैन । त्यसो त प्रदेश सरकारसँग पर्याप्त स्रोत साधन नभएको र आनुमानभन्दा ठूलो विपत्ति आएकाले सरकारले गरेका न्यूनीकरणको पहल कमजोर देखिएको सरकारका मन्त्रीहरु बताउँछन्। प्रदेश सरकारका एक मन्त्रीका अनुसार विपद्जन्य घटनामा उद्दार सामग्री र जनशक्तिको अभावले सरकारको भूमिका कमजोर हुन पुगेको हो ।

## नियुक्तिमा व्यस्त सरकार

बागमती प्रदेश सरकारले १०० दिनको अवधिमा विभिन्न संरचनाहरुमा नियुक्ति वितरणमा व्यस्त देखिएको छ । प्रदेश सरकारले सो अवधिमा मुख्य न्यायाधीवक्ता, प्रदेश नीति तथा योजना आयोग, प्रदेश लोकसेवा आयोग, प्रदेश खेलकुद विकास परिषद्, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा विभिन्न पदमा नियुक्ति वितरण गरेको छ ।

प्रदेश सरकारले गत भदौ २ गते नेपालको संविधानको धारा १६० को उपधारा (२) बमोजिम दोलखा तामाकोशी गाउँपालिका-३ का शुकदेव काफ्लेलाई मुख्य न्यायाधीवक्ता नियुक्त गरेको थियो । गत भदौ १६ मा प्रदेश सरकारले नीति तथा योजना आयोगको उपाध्यक्षसहित २ सदस्य नियुक्त गरेको थियो । आयोगको उपाध्यक्षमा सिन्धुपाल्चोक हेलम्बुका डा. गंगादत्त नेपाल र सदस्यहरुमा काठमाडौंका दीपेन्द्र श्रेष्ठ तथा काभ्रेका गुणराज मोक्तान नियुक्त भएका थिए। आयोगको उपाध्यक्ष नेपाल र सदस्य मोक्तान कांग्रेस निकट हुन् भने सदस्य श्रेष्ठ एमाले निकट हुन् ।

प्रदेश सरकारले गत भदौ २६ मा प्रदेश खेलकुद विकास परिषद्को सदस्यसचिवमा नुवाकोटका दीपक लामालाई नियुक्त गरेको थियो । कांग्रेस निकट लामालाई मुख्यमन्त्री लामाकै जोडबलमा परिषद्को सदस्यसचिव नियुक्त गरिएको थियो ।

गत असोज १६ मा बसेको प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकूलपतिमा डा. प्रदीप ज्ञवालीलाई नियुक्त गरेको थियो। पद रिक्त रहेको २ महिनापछि एमालेको कोटामा डा. ज्ञवालीलाई उपकूलपति नियुक्त गरिएको हो । त्यस्तै असोज १८ मा एमालेको कोटाबाट प्रतिष्ठानको संयोजकमा चिरञ्जीवी चुडाललाई नियुक्त गरिएको थियो। असोज १८ मा नै कांग्रेसको कोटामा प्रतिष्ठानको रजिष्ट्रारमा भीमसागर गुरागाईंलाई नियुक्त गरिएको थियो । प्रदेश सरकारले असोज १ मा बागमती विश्वविद्यालयको उपाध्यक्ष पदमा कुशुमराज सुवेदीलाई नियुक्त गरेको थियो । कांग्रेसको कोटामा उनलाई विश्वविद्यालयको उपाध्यक्षमा नियुक्त गरिएको थियो ।

त्यस्तै, प्रदेश सरकारले प्रदेश लोकसेवा आयोगको अध्यक्षमा कांग्रेस निकट महेश्वर श्रेष्ठलाई नियुक्त गरेको छ। गत १ कात्तिकमा ११ औं तहको सहसचिवको रुपमा सरकारी सेवाबाट अवकाश लिएका श्रेष्ठलाई कात्तिक ४ मा आयोगको अध्यक्ष बनाइएको थियो ।

## बजेटको विवाद कायमै

आर्थिक वर्षको पहिलो चौमासिक पूरा हुने चरणमा समेत बजेटमाथिको विवाद समाधान हुन सकेको छैन । गत असारमा बजेट सार्वजनिक हुँदादेखि सुरु भएको विवाद हालसम्म कायमै रहेको छ।

बजेट सार्वजनिक हुँदा प्रमुख प्रतिपक्षमा रहेको दल कांग्रेस अहिले सरकारमा छ भने बजेट ल्याउने दल प्रतिपक्षमा रहेको छ । बजेट निर्माणको चरणमा कांग्रेसले विरोध जनाएको थियो भने हाल बजेट कार्यान्वयनको चरणमा प्रमुख प्रतिपक्ष दल माओवादी केन्द्रले विरोध गर्दै आएको छ।

तत्कालीन समयमा कांग्रेसले बजेट असन्तुलित र वितरणमुखी भएको भन्दै विरोध गरेको थियो। विरोधपछि सरकारले कांग्रेससँग बजेटलाई सन्तुलित बनाउन सहमतिसमेत गरेको थियो । सो लगत्तै सरकार परिवर्तनपछि सत्ताको बागडोर कांग्रेसले लिएको छ । कांग्रेसले सत्ताको चावी लिएको एक महिनामा नै बजेटमाथिको विवाद पुनः बल्झियो। जसले गर्दा गत असोजमा आह्वान गरिएको प्रदेशसभासमेत प्रभावित बन्यो । अन्ततः पुनः माओवादी केन्द्रसँग सत्ताधारी दलहरुले सहमति गरेपछि भने संसदको अवरोध हटेको थियो । प्रतिपक्षको मागअनुसार बजेटमा योजना समावेश गर्ने सहमतिपछि भने संसद सञ्चालन भएको थियो ।

### उपनिर्वाचनका लागि बागमतीमा माओवादीले टुंग्यायो उम्मेदवार

# हेटौंडा-१२ मा रवीन प्रधानलाई टिकट

समाज संवाददाता

हेटौंडाः नेकपा माओवादी केन्द्रले आगामी मंसिर १६ गते हुने स्थानीय तहको उपनिर्वाचनका लागि काठमाडौं-१६ को वडा अध्यक्ष बाहेकका सबै उम्मेदवार टुंग्याएको छ। मंसिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनका लागि नेकपा माओवादी केन्द्र बागमती प्रदेशले काठमाडौं-१६ को वडा अध्यक्ष बाहेक सबै पदका लागि उम्मेदवार टुंग्याएको हो ।

माओवादी केन्द्रले बागमतीका ४ जिल्लाका विभिन्न ७ पदमध्ये ६ वटा पदमा उम्मेदवार छनौट गरेको हो । काठमाडौं महानगरपालिका-१६ को वडाध्यक्ष पदको उम्मेदवार भने टुंग्याउन बाँकी रहेको छ। कीर्तिपुर नगरपालिकाका मेयर, गौरीशंकर गाउँपालिकाका उपाध्यक्षसहित ५ वडाध्यक्ष पदमा निर्वाचन हुँदैछ ।

२०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनबाट ती स्थानमा निर्वाचित जनप्रतिनिधिको निधनलगायत विभिन्न कारण पद रिक्त भएपछि उपनिर्वाचनबाट पुनः चयन गर्न लागिएको हो । हेटौंडा-१२ मा निर्वाचित तत्कालीन वडाध्यक्ष ललितबहादुर घलान जिल्ला समन्वय समिति मकवानपुरको प्रमुख बनेसँगै सो पद रिक्त रहेको थियो भने त्यसबाहेक बाँकी ६ जना जनप्रतिनिधिको विभिन्न कारण निधन भएकाले पद रिक्त रहेको हो ।

पद रिक्त रहेका कीर्तिपुर नगर पालिकाको वडा नम्बर १ र ४, काठमाडौं महानगरपालिकाको वडा नम्बर १६, नुवाकोटको ककनी गाउँपालिकाको वडा नम्बर २ र मकवानपुरको हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर १२ मा पनि वडाध्यक्ष पदका लागि उपनिर्वाचन हुँदैछ। उक्त पदहरुमा माओवादी केन्द्रले उम्मेदवार छनोट गरेको हो ।

माओवादी केन्द्रले कीर्तिपुर नगरपालिकामा रिक्त मेयर पदमा प्रा डा शिवशरण महर्जनलाई छनोट गरेको छ । दोलखाको गौरीशंकर गाउँपालिकाको उपाध्यक्ष पदका लागि निमलेकी शेर्पालाई उम्मेदवार बनाएको छ भने कीर्तिपुर-१ मा अष्टमान महर्जन र वडा नम्बर ४ मा नारायण विष्टलाई उम्मेदवार बनाएको छ।

हेटौंडा उपमहानगरपालिका-१२ मा रवीन प्रधान र ककनी गाउँपालिका-२ मा मिलन घिमिरेलाई माओवादी केन्द्रले उम्मेदवार छनोट गरेको छ । काठमाडौं महानगरपालिका-१६ मा उम्मेदवार छनोट हुन बाँकी रहेको माओवादी बागमती प्रदेश अध्यक्ष सरल सहयात्री पौडेलले जानकारी दिनुभयो। उहाँले यस पटक अधिकांश क्षेत्रमा एकल निर्वाचन जित्ने गरी तयारी गरिएको दाबी गर्नुभयो । माओवादीको पदाधिकारी बैठकले निर्वाचनमा एकल उठ्ने निर्णय गरे पनि सत्ता बाहिरका दलहरुसँग सहकार्य गर्ने विकल्प खुला राखेको छ।

गत साउन १० मा कीर्तिपुर नगरपालिका मेयर राजकुमार नकर्मीको मिर्गौला सम्बन्धी रोगका कारण निधन भएपछि पद रिक्त भएको थियो । उनी २०७९ को स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसबाट उम्मेदवार भई कीर्तिपुर नगर पालिकाको मेयरमा निर्वाचित भएका थिए।

दोलखाको गौरीशंकर गाउँपालिकाका उपाध्यक्ष श्यामसुन्दर तामाङको गत २०८० असारमा निधन भएको थियो । मुटुरोगी उनको गंगालाल हृदयरोग केन्द्र बाँसबारीमा उपचारका क्रममा मृत्यु भएको थियो। उनी कांग्रेसबाट गौरीशंकर गाउँपालिका उपाध्यक्षमा निर्वाचित भएका थिए ।

कीर्तिपुर नगरपालिका-१ का वडाध्यक्ष हीरालाल महर्जनको २०८० फागुनमा निधन भएको थियो । कलेजो क्यान्सरबाट पीडित रहेका उनको निर्वाचनको १० महिनामा नै पद रिक्त भएको थियो। उनी कांग्रेसबाट निर्वाचित भएका थिए। यस्तै, कीर्तिपुर नगरपालिका-४ का वडाध्यक्ष श्यामसुन्दर अधिकारीको सवारी दुर्घटनामा निधन भएको थियो । मोटरसाइकल दुर्घटनामा गम्भीर घाइते भएका उनको २०८० बैशाखमा अन्नपूर्ण न्युरो अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो । उनी २०७९ मा स्वतन्त्र उम्मेदवार भएर निर्वाचनमा प्रतिस्पर्धा गरेका थिए ।

काठमाडौं महानगरपालिका-१६ का वडाध्यक्ष मुकुन्द रिजालको २०८० भदौमा निधन भएको थियो । डेंगु संक्रमणपछि निमोनियाबाट ग्रस्त भएका उनको ग्रान्डी अस्पतालमा मृत्यु भएको थियो । उनी कांग्रेसबाट निर्वाचित थिए । त्यसैगरी, ककनी गाउँपालिका-२ का वडा अध्यक्ष मृगौला सम्बन्धी रोगबाट ग्रस्त तिलकबहादुर लामाको उपचारका लागि काठमाडौं लैजाने क्रममा २०८० जेठमा मृत्यु भएको थियो । उनी कांग्रेसबाट उम्मेदवार बनेर निर्वाचनमा प्रतिस्पर्धा गरेका थिए ।

# बकैयाका वडाध्यक्ष दंगाल कागजात कीर्ते आरोपमा थुना पठाइए

हेटौंडाः मकवानपुरको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिकाको ४ नम्बर वडाका वडाध्यक्ष राजन दंगाल पुर्पक्षका लागि भीमफेदी कारागार चलान भएका छन् । जिल्ला न्यायाधीश सकुन्तला कार्कीको इजलासले बुधबार सरकारी कागजात कीर्तेको अभियोगमा दंगाललाई थुनामा राखी मुद्दा पुर्पक्ष गर्न आदेश गरेको अदालतका अधिकृत दिलीप राईले जानकारी दिए । उनीविरुद्ध गत असार दोस्रो हप्ता अदालतबाट पक्राउ पुर्जी जारी भएको थियो ।

दंगाल चार महिनापछि आजै अदालतमा उपस्थित भएको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिए । वडाध्यक्ष दंगालमाथि स्याङ्जाकी मृतक उमादेवी गुरुङको नागरिकता कीर्ते र जग्गा पास सम्बन्धी प्रक्रियाका लागि नक्कली कागजात बनाएर सिफारिस गरेको अभियोग छ । जिल्ला प्रहरी कार्यालयमा गुरुङको श्रीमान् भारतीय मूलका एमसी परेराले विगत ६ महिना अगाडि वडाध्यक्ष दंगालसहित ७ जनाविरुद्ध जाहेरी दिएको मकवानपुर प्रहरीले जनाएको छ । गुरुङको नाममा उमादेवीको ललितपुर, कीर्तिपुर र चितवनमा रहेको करोडौं मूल्य पर्ने जग्गा हत्याउने प्रयास भएको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

गुरुङको २६ भदौ २०७४ मा मृत्यु भएको थियो। उनका श्रीमान् परेरा चितवनको भरतपुरमा बस्दै आएका थिए । उनका दुई छोरी र एक छोरा अमेरिकामा छन् । प्रहरीले गत असारमा वडाध्यक्ष दंगाल, वडा सचिव अनिशा श्रेष्ठ, नक्कली छोरा बनेका पूर्णबहादुर ब्लोनसहित सर्जमिन मुचुल्कामा साक्षी बसेका स्थानीय ४३ वर्षीय सानुमान थिङ, ३९ वर्षीय जितमान थिङ, ३५ वर्षीय जमानसिं भुलन, ६९ वर्षीय रामबहादुर न्यासुरविरुद्ध पक्राउ

...बाँकी पृष्ठ ३ मा



## सम्पादकीय

### छठ पर्वको शुभकामना

नेपालको तराई मधेशमा लोकप्रिय छठ पर्वको आज मुख्य दिन हो । नेपालको तराई मधेश र भारतको उत्तरी क्षेत्रका हिन्दू समुदायले मनाउने छठ पर्व पछिल्लो समय सबैतिर विस्तार हुँदै गएको छ । मधेशी मूलका नेपालीहरु देशका सबै क्षेत्रमा बसोबास गर्ने भएका कारण पहाडी मूलका नेपालीहरुले पनि छठ पर्व मनाउन थालेका हुन् । दशैं, तिहारजस्तै छठ पनि नेपालीको साझा पर्व बन्दैछ । छठ पर्व नमनाउनेहरु पनि छठ पूजास्थलमा दर्शनार्थीको रुपमा जाने क्रम वर्षेनि बढिरहेको छ । चार दिनसम्म मनाइने छठको मुख्य दिन कार्तिक शुक्ल षष्ठीमा विशेषरुपमा सजाइएको जलाशय किनारको छठ पूजास्थलमा अस्ताउँदो सूर्यलाई अर्घ दिने र पूजा आराधना गर्ने गरिन्छ । यसवर्ष छठ पूजा आज कार्तिक २२ गते परेको छ । षष्ठी तिथिका दिन मनाइने भएकाले यस पर्वको नाम अपभ्रंसित हुँदै छठ भएको विश्वास छ ।

छठी (षष्ठी) मातालाई पुकारेर सूर्यको पूजा आराधना गरिने छठ पर्व कार्तिक शुक्ल चतुर्दशीदेखि सुरु भएर कार्तिक शुक्ल सप्तमीका दिन समापन गरिन्छ । छठ पर्वको सुरुका दुई दिन घरघरमै र अन्तिम दुई दिन नदी, खोला, पोखरी, तलाउ, इनारजस्ता जलाशयको छेउमा बसेर पूजा आराधना गरिन्छ । छठ पूजाका लागि जलाशयका किनारमा सरसफाई गर्दै रंगीचंगी बनाइन्छ । आफ्नो घर छाडी विभिन्न ठाउँमा अध्ययन तथा रोजगारीका लागि रहेका, विद्यार्थी र व्यवसायीहरु छठ मनाउनका लागि आफ्नो मूल घर फर्किने गर्दछन् । तिहारको समापनसँगै छठ पर्वको रौनक सबैतिर सुरु हुन्छ । तिहारको भाइटीकाको दुई दिनपछि छठ सुरु हुन्छ । वैदिक सनातन धर्मका सबैजसो पर्व अनि शक्तिहरु प्रकृति अर्थात् पृथ्वीको वरिपरि घुमेका हुन्छन्, जसको प्रयोगात्मक महत्व अत्यन्तै वैज्ञानिक रहेका छन् । छठ पर्व पनि सूर्यदेवको अनुष्ठान हो । हरेक मानवले जन्मदेखि मृत्युपर्यन्त देख्ने विशालकाय शक्ति अनि ऊर्जाको मुख्य स्रोत मानिने सूर्यसँगको मानवको सहअस्तित्वलाई छठले उजागर गर्ने गरेको छ । यो पर्वमा षष्ठी भगवतीको पूजा अर्चना गरी पुत्र, पति र परिवारको कल्याणको कामनासमेत गरिन्छ ।

चार दिनसम्म मनाइने छठको पहिलो दिन अरबा अथवा नहाई खाय भनिन्छ भने दोस्रो दिनलाई खरना भनिन्छ । अरबाको दिन गाउँ, टोलका युवाहरु मिलेर छठ मनाइने जलाशय, त्यसको किनार तथा बाटो सफा गर्ने र आवश्यक सामग्री व्यवस्थापन गरिन्छ । छठको दोस्रो दिनदेखि व्रत बस्ने महिला तथा पुरुषले निष्ठापूर्वक पवित्र जलाशयमा स्नान गरी बेलुकीपख दूध, चामल र सख्खरको खीर पकाई प्रसादको रुपमा खाने र परिवारका सदस्यलाई पनि ख्वाउने चलन छ । छठको सबैभन्दा महत्वपूर्ण तेस्रो दिनको साँझमा सूर्यलाई अर्घ दिने भएकाले साँझिया अर्घ भनिन्छ । यस दिन साँझको समयमा ब्रतालुहरु जलाशयको पानीमा आधा डुबेर अस्ताउन लागेको सूर्यलाई अर्घ दिने गर्दछन् । छठको चौथो तथा अन्तिम दिनलाई बिहनीया अर्घ पारण भनिन्छ । चौथो दिनको बिहानै सूर्य उदाउनुअघि नै जलाशय किनारमा पुगी उदाउँदो सूर्यलाई अर्घ दिएर यो पर्व तथा छठको व्रत समापन गरिन्छ । केही ब्रतालुहरु छठघाटमै रातभर जाग्राम बसेर छठी माताको भजनकीर्तन समेत गर्दछन् ।

विशेषरुपमा तराई मधेशमा श्रद्धा एवम् भक्तिपूर्वक मनाइने छठ पर्व संस्कृतिको रुपमा सबैतिर विस्तार हुँदै जानु खुशीको कुरा हो । समावेशी संस्कारले जातीय र भौगोलिक दूरी घटदै गएका कारण यो पर्व अहिले सबै नेपालीको पर्वका रुपमा विकसित हुँदै गएको छ । छठ पर्वमा अहिले हिमाल, पहाड र उपत्यकाबासीले पनि हर्ष र उमंगका साथ सहभागिता जनाउन थालेका छन् । यो पर्वले मधेशी र पहाडीबीचको धार्मिक, सांस्कृतिक तथा सामाजिक एकता र सौहार्दपूर्ण सम्बन्ध पनि विकसित गर्दै लगेको छ । भौगोलिक र जातीय विभेदको अन्त्य गर्दै समुन्नत समाज निर्माणका लागि छठ पर्व सहयोगी बन्न सक्छ । यस वर्षको छठ पर्वले सबै नेपालीबीच एकता कायम गर्न सकोस् । छठी माइले सबैको मनोकामना पूरा गरुन् । छठ पर्वको अवसरमा सबैमा शुभकामना ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चितलाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्कः ९७४५०२८५५५

- **मेष** : पढाइ–लेखाइका कामहरुमा मन जाने समय छ ।
- **वृष** : परिबन्धमा धन व्यय हुने समय योग छ ।
- **मिथुन** : परोपकारका काममा समय व्यतित होला ।
- **कर्कट** : पढाइ–लेखाइका कामहरु मध्यमकारक होलान् ।
- **सिंह** : अध्ययन–अध्यापनमा सफलता प्राप्त हुनेछ ।
- **कन्या** : धार्मिक र सामाजिक काममा सरिक भइनेछ ।
- **तुला** : पढाइ–लेखाइ मध्यमकारक रहेको देखिन्छ ।
- **वृश्चिक** : परोपकार र धार्मिक कृत्यमा समय व्यतित होला ।
- **धनु** : कमी कमजोरीप्रति प्रायश्चित गर्नुपर्ने योग छ ।
- **मकर** : सामाजिक र धार्मिक काममा सरिक भइने समय छ ।
- **कुम्भ** : राम रमाइलोमा समय व्यतित हुने समय योग छ ।
- **मीन** : नसोचेको क्षेत्रबाट मान सामान प्राप्त हुने समय छ ।

# नेपाल संवत्, यसको गरिमामय इतिहास र वर्तमान अवस्था



✍राजेन्द्रप्रसाद श्रेष्ठ

नेपाल संवत् अन्तर्राष्ट्रिय जगतमै आफ्नो देशको पहिचान बोकेको एकमात्र संवत् हो । नेपाल संवत् नामैले देशको पहिचान दिन समर्थ छ । विश्वमा अरु कुनै पनि त्यस्तो सवत् प्रचलनमा भएको देखिँदैन, जसले देशको नामबाटै आफ्नो संवत्लाई चिनाएको होस् । त्यसैले, नेपाल संवत्ले सिङ्गो नेपालको राष्ट्रिय स्वाधीनता, एकता र राष्ट्रियतालाई आफूभित्र समेटेको छ भन्दा अत्युक्ति हुँदैन ।

नेपालमा धेरै संवत् प्रचलनमा आएका भेटिन्छन् । इस्वी (ग्रेगोरियन), शक, मानदेव, विक्रम, हेबृ, हिजरी, चिनियाँ (नङ्ली), कलिगतलगायत अरु थुपै संवत् हामीकहाँ चलनचल्तीमा देखिन्छन् । नेपालभित्र प्रचलनमा रहेका जति पनि संवतहरु हामी देख्छौं, नेपाल संवत्ले ती संवत्हरूभन्दा भिन्न इतिहास र भावना बोकेको पाउँछौं । नेपाल संवत् जति जनस्तरमा व्याप्त छ, चर्चित छ र राष्ट्रिय संस्कृति अभिन्न रूपमा गाँसिएको छ, अरु संवत् त्यस्तो देखिँदैन ।

नेपाल संवत् नेपालको चाडपर्व लगायत जन्मदेखि मृत्युसम्मका सम्पूर्ण संस्कारहरूको मुख्य आधार हो । यस संवत्मा तिथि मितिदेखि यावत् कुराहरू व्यवस्थित छन् । कतिपय यस्ता संवतको चर्चा पनि हुने गर्छ, जसको वर्ष गणना भएपनि तिथिमिति देखिँदैन । बुद्ध संवत्, यले संवत् यसका उदाहरण हुन् । यसमा तिथिमिति देखिँदैन । नेपाल संवत् नै एक मात्र यस्तो संवत् हो जुन जनस्तरमा आजपर्यन्त सर्वस्वीकार्य भई प्रचलनमा र हिआएको छ ।

इतिहास केलाएर हेर्दा विसं १८२५ (नेपाल संवत् ८८८) मा गोरखाका राजा पृथ्वीनारायण शाहले आफ्नो राज्य विस्तार गरी तत्कालीन नेपालमण्डल, जसभित्र कान्तिपुर, ललितपुर, भक्तपुर र द्वाल्खा चारवटा स्वायत्त राज्य थिए, त्यसमध्ये कान्तिपुर विजयपश्चात् क्रमशः अरु राज्यहरु पनि आफ्नो नियन्त्रणमा लिए । लिच्छविकालमा नेपाल उपत्यका र वरिपरिको भूभागलाई नेपालमण्डलको नामले पुकारिन्थ्यो ।

नेपालमण्डल शब्दको प्रयोग नेपालमा तत्कालीन दक्षिण एसियामा प्रचलित महाजनपद राज्यहरूजस्तै संघीय नेपाल भन्ने अर्थमा प्रयोग भएको देखिन्छ । त्यतिबेला नेपालमण्डल पाँचवटा राज्यहरुको सङ्राज्य थियो । तत्कालीन कान्तिपुर, ललितपुर, भक्तपुर, बनेपा र द्वाल्खा विभिन्न कालखण्डमा अस्तित्वमा आए र यसको संघीय स्वरुप नेपालमण्डल थियो ।

बनेपा राज्य भक्तपुरमा गाभिएपछि त्यो चारवटा राज्यको सङ्घ थियो । नेपाल संवत् नेपालमण्डलभरि प्रयोगमा थियो । गोर्खा राज्य विस्तारको माध्यमबाट आजको आधुनिक नेपालको स्थापना गरेपछि नेपाल संवत्लाई हटाएर शक संवत् प्रयोगमा ल्याउने काम भयो ।

नेपालमा शक संवत् दुईपटक प्रयोगमा आए । पहिलोपटक लिच्छवि कालमा शक संवत् प्रयोग भयो, पछि फेरि शक संवत् हटेर मानदेव संवत् र त्यसपछि नेपाल संवत् प्रयोगमा ल्याइएको देखिन्छ । दोस्रोपटक वर्तमान आधुनिक नेपाल निर्माणपश्चात् पृथ्वीनारायण शाहले पुनः शक संवत् प्रयोगमा ल्यायो ।

वर्तमान भारतको स्थापनापूर्व त्यहाँ झण्डै ५६५ वटा रजौटा राज्यहरू थिए । त्यसमध्येका विभिन्न राज्यहरू वज्जी, लिच्छवि, गुजरात, मेवाड, चितौड आदिमा शक संवत् चल्दथ्यो । यसरी पुनः शक संवत् प्रयोगमा आउनाका कारण केलाउँदा पृथ्वीनारायण शाहले आफ्नो पुर्खौली राज्यमा प्रचलित संवत् भित्र्याएको देखिन्छ ।

त्यतिबेला नेपालको आफ्नै नेपाल संवत् अस्तित्वमा आइसकेको थियो । नेपाल संवत् फेरि शक संवत्कै परिमार्जित र विकसित रूप पनि हो । किनकि नेपालको तिथिमिति र चाडपर्वलाई निरन्तरता दिने मात्र हैन त्यसलाई क्रमबद्ध रुपमा मनाउने पद्धति यसमै निहीत छ । जस्तै नेवाः समुदायले मनाउने मोहनी अरु समुदायले मनाउने दशैं वा दशहराभन्दा अलि भिन्न छ ।

नेवारहरुले कुछि भ्वय्, स्याक्वःत्याक्वः, चालँ (अर्थात् अष्टमी, नवमी र दशमी) मनाउँछ, जुन आदि कालदेखि नै क्रमबद्धरुपमा मनाउने चलन थियो र छ । स्वन्ति दीपावली (तिहार) भनेर लगातार तीन दिन तीन वटा तिथिमा लगातार मनाउने चलन चलिरहेको छ ।

नेपाल संवत् अनुसार नेवाः समुदायले लक्ष्मी पूजा वर्षको अन्तिम दिनका रुपमा मनाउँछन् । त्यस दिन विशेष गरी वर्षभरिकै हिसाबकिताबको फरफारक गर्ने काम हुन्छ । लक्ष्मी पूजा गरेर धनको देवता मानेर धनधान्यले पूर्ण होस् भनेर आराधना गर्ने गरिन्छ ।

भोलिपल्ट नेवाः समुदायले म्ह पूजा (आत्म पूजा) गर्छन् । यसमा मन्द बनाएर आफ्नो शरीरलाई पूजा गर्ने गरिन्छ । मन्दःमा धान (वा), लावा (ताय्), आखे, गेडा मास (म्वमाय्) कालो भट्मास (हाकुमुस्या) लगायतका खाद्यवस्तुलाई समेत राखी पूजा गरेर सुस्वास्थ्य र दीर्घायुको कामना गर्ने गरिन्छ । त्यसरी नै बिमिरा, ओखर, बदाम आदिलाई पनि पूजा गर्ने चलन छ ।

नेपाल संवतको प्रारम्भपछि दोस्रो दिन किजापूजा (भाइटीका) मनाइन्छ । त्यसदिन वसुधैव कुटुम्बकमको मान्यताअनुसार भातृत्वभाव प्रदर्शन गर्दै दिदीबहिनी दाजुभाइ एक आपसमा मायाँ र खुसी साट्छन् । यस्तो परम्परा नेपाल संवत् प्रारम्भ हुनुभन्दा अगाडि नै भए पनि यसलाई पछि नेपाल संवत् प्रारम्भ गर्दा म्ह पूजाकै दिनबाट नयाँ वर्ष सुरुआत गरिँदा सुनमाथि सुगन्ध भनेजस्तै भयो ।

पृथ्वीनारायण शाहबाट आधुनिक नेपाल निर्माण भएपछि जुन कारणले हटाइसकेको शक संवत् नेपालमा पुनः चलाए । राणाहरूले सत्ता हातमा लिएपछि त्यसैको हुबहु नक्कल गरेर शक संवत् हटाए र वि.सं. १९६२ (नेपाल संवत् १०२६) मा तिनीहरुले पनि आफ्नै पुर्खासँग जोडेर विक्रम संवत् भित्र्याए । नेपालमा राणा शासन सुरु भएपछि जनताका राजनीतिक र आर्थिक अधिकार मात्रै होइन, सांस्कृतिक अधिकारहरु पनि थप हनन् भए ।

नेपालको इतिहासका जानकार सबैलाइ थाहा छ, जंगबहादुर राणा नभई कुँवर थरका थिए । राजकूलका भारदार रहेका उनले कोत पर्व गरी सत्ता हातमा लिएपछि आफ्ना पुर्खाहरु तत्कालीन उज्जैन राज्यको राणाखलक भएको बताउँदै त्यहाँका राजखलकसँग नाता जोडेर कुँवरबाट राणा बने ।

चन्द्रशमशेरको पालामा आएर तत्कालीन उज्जैन राज्यमा प्रचलित विक्रम संवत्लाई नेपालमा प्रचलनमा ल्याउने घोषणा गरे । यदि राणाहरुमा राष्ट्रियताको भावना भएको भए नेपाल संवत्लाई नै पूर्ण प्रयोगमा ल्याउन सक्थे । नेपालमा विक्रम संवत् चलाउनुपर्ने पक्षमा तर्क दिँदा अघि सार्ने एउटा मुख्य तर्क त्यतिबेलासम्म नेपालमा प्रचलनमा रहेका संवत्हरु तिथिमा आधारित भएकाले प्रत्येक ४ वर्षमा १२ महिनाको सट्टा १३ महिना हुने हुँदा अतिरिक्त एक महिनाको तलब भत्ता बढी खुवाउन पर्ने बाध्यता हो भन्ने गरेको छ । तर विक्रम संवत् भित्र्याएको बखत त्यस संवत्मा पनि त्यहि समस्या थिए ।

त्यसैले त्यसमा कुनै सत्यता देखिँदैन । किनभने तत्कालीन समयमा उज्जैनमा प्रचलित विक्रम संवत् पनि तिथि सम्वत् (लुनार क्यालेन्डर) अर्थात चन्द्रमासमै आधारित थिए । नेपालमा भित्र्याइएका बेला श्री ३ चन्द्र शम्शेरले संवत् मात्रै भित्र्याएको नभई केही ब्राह्मण र ज्योतिष पनि भित्र्याए र त्यसमा गते थप्न निर्देशन दिए । अहिले पनि भारतको राजस्थान राज्यका केही भागहरुमा चन्द्रमासमै आधारित विक्रम संवत् प्रचलनमा छ ।

अहिले पनि कृष्ण पक्ष, शुक्लपक्ष भन्ने गरिन्छ त्यहाँ । नेपालमा गते थप्ने कामको निर्णय चन्द्र शमसेरको पालामा भएपनि गते थपेर सरकारी कामकाजमा प्रयोगमा ल्याउने काम भने भीम शमसेरको पालामा भएको कुरा प्रो.माणिकलाल श्रेष्ठले उल्लेख गरेका छन् । यसरी विक्रम संवत् चलाउनुको पछाडि कुनै राष्ट्रिय भावना देखिँदैन । साँच्चै नै राष्ट्रिय भावना वा एकतालाई महत्व दिन चाहेको भए नेपाल संवत्मै पनि गते थप्न सकिन्थ्यो ।

नेपालमा नेपाल संवत् प्रयोगमा ल्याउनुपर्छ भनिरहँदा सबैको मनमा उब्जने प्रश्न भनेको कसरी प्रयोगमा ल्याउने भन्ने हो । त्यसका बारेमा अहिले विभिन्न चर्चा परिचर्चा हुने गरेको छ । पहिलो कुरा नेपालमा यो स्तरीय छैन, वैज्ञानिक छैन भनेर प्रश्नहरु उठाउने गरिएको छ । नेपालको ऐतिहासिकता, वैज्ञानिकता र व्यावहारिकताका बारेमा संवत्माथि उठ्ने उठाइने यी सवाललाई हामीले हल गर्न जरुरी छ ।

हामीले बुझ्नुपर्ने कुरा के हो भने नेपाल संवत् प्रयोगको इतिहास गरिमामय छ । यो वैज्ञानिक पनि छ । तर स्तरीय छ कि छैन भन्ने सवालमा बहस हुन सक्दछ । सौर्यमासमा आधारित इस्वी सम्वत् पनि कतिपय देशमा पछि सुधारिएकै हो । रुसमा अक्टोबर क्रान्ति जुलियस सिजरले विकास गरेको संवत् अनुसार अक्टोबर २५ मा भएको थियो । पछि पोप ग्रेगोरीले परिमार्जित गरेका सौर्यमासमा आधारित पात्रोमा मिलाउँदा अक्टोबर क्रान्ति नोभेम्बर ७ मा पर्न गयो ।

सौर्यमासको क्यालेण्डरको सैद्धान्तिक अवधारणा भनेको मेष राशिदेखि १२ राशिको सूर्यको भोगावधि हो, जसको अवधि ३६५.२५ दिन हुन्छ । अर्को भाषामा भन्दा पृथ्वीलाई सूर्यको परिक्रमा पूरा गर्न लाग्ने समय ३६५ दिन र ६ घण्टा हो । त्यसैले सौर्यमासको क्यालेन्डर भनेको वर्षमा ३६५.२५ दिनको व्यवस्थापन हो । सौर्यमास पात्रो नै भए पनि विक्रम संवत्मा पनि धेरै खोटहरु छन् ।

कुन सालमा असारमा ३२ दिन हुन्छ भन्ने कुरा निर्क्योल नहुने मात्र होइन, यसमा अधिक वर्ष कहिले पर्छ भन्ने पनि थाहा हुँदैन । यसको गणना नमिल्दा असोजमा मनाउनुपर्ने चाडपर्वहरू समेत कार्तिकमा पर्न थालि सक्यो । असारे गीत जेठमा गाउनुपर्ने भइसक्यो ।

त्यसैले विक्रम संवत् सुधारका अभियन्ताहरुले अब चाड पर्वहरू १ महिना अगाडी सार्नुपर्ने बताउन थालेका छन् । उदाहरूको तर्कअनुसार विक्रम संवत् २४ दिन ढीला भइसकेका छ । यसरी हेर्दा सौर्यमासको क्यालेण्डरमा पनि सुधार आवश्यक छ ।

अर्को कुरा चन्द्रमासको तिथि संवत्मा सौर्यमासको गते थप्दा आउने समस्याहरु पनि ज्युँका त्युँ छन् । विक्रम संवत्मा चन्द्रमासको तिथिसँगै सौर्यामासको गते थपेर प्रयोग गर्दा यस संवत्मा कुनै वर्ष चैत दसैं नै नहुने, कुनै वर्ष २ पटक चैत दसैं पर्ने समस्या पनि छ ।

त्यहि भएर होला सायद भारतले सरकारी कामकाजमा इश्वी संवत् प्रयोग गर्ने गरेको छ । चीनले पनि आफ्नो राष्ट्रिय संवत्मा सौर्यमासको तरिका वा गते नथपी इश्वी संवत् नै प्रयोग गर्ने गरेको छ ।

प्रत्येक ४ वर्षमा १२ महिनाको सट्टा १३ महिना हुने अधिक मासको समस्या त कुनै पनि चन्द्रमासको क्यालेण्डरमा हुन्छ नै । यसको कुनै हल निकाल्न सकिँदैन । किनकि चन्द्रमासको क्यालेण्डरको सैद्धान्तिक अवधारणा सौर्यमासको भन्दा फरक छ ।

चन्द्रमा पृथ्वीको एक मात्र उपग्रह हो । यसले सूर्यको विपरीत पृथ्वीको फन्को मार्दछ । यसले हरेक २७.३ दिनमा पृथ्वीको परिक्रमा पुरा गर्छ । पृथ्वीको गुरुत्वाकर्षण शक्तिले चन्द्रमालाइ प्रभाव पारिरहेको हुन्छ ।

प्रत्येक २९.५ दिनमा चन्द्रमा पुनः यथास्थितिमा फर्किन्छ । चन्द्रमासको संवत् चन्द्रमाको यहि घुम्ने चालमा आधारित हुन्छ । यसरी हेर्दा १ वर्षमा २९.५ गुणा १२ बराबर ३५४ दिन हुन्छ । त्यसैले प्रत्येक ४ वर्षमा अधिक मास हुन्छ । यो कुरा विज्ञानसंगत कुरा नै हो ।

यहि कारणले प्रायजसो देशहरुमा सरकारी कामकाजमा चन्द्रमासको संवत्भन्दा सौर्यमासको संवत् प्रयोग हुन थालेको हो । चीनमा आफ्नो चिनियाँ क्यालेण्डर भएपनि उनीहरुले आफ्नो चाडपर्वमा मात्र प्रयोग गर्ने गरेका छन् र सरकारी कामकाजमा इस्वी संवत् नै प्रयोग गर्छन् ।

भारतमा शक संवत्, विक्रम संवत्लगायत थुप्रै संवतहरु छन् । भारतले शक संवत्लाई आफ्नो राष्ट्रिय संवत्को मान्यता दिएको छ तर सरकारी कामकाजमा इस्वी संवत् नै प्रयोग गर्ने गरेको छ । नेपालमा सौर्यमास थपेर विक्रम संवत् चलाए, तर यो वैज्ञानिक र स्तरीय देखिँदैन ।

आजभोली नेपाल संवत्मा पनि सौर्यमास क्यालेन्डर निकाल्न थालिएको छ । त्यसमा ग्रेगोरियन क्यालेन्डर जस्तै प्रत्येक ४ वर्षमा छैठौं महिना अर्थात चउला (महिना) मा १ दिन थपी अधिक वर्ष मिलाइएको छ ।

त्यसअनुसार नेपाल संवत्को पहिलो पाँच महिना अर्थात् कछला, थिंला गर्दै चिल्ला सम्मको पाँच महिना ३० दिन हुने, छैठौं महिना अर्थात् चउलामा प्रत्येक वर्ष २९ दिन र ४ ले भाग जाने प्रत्येक वर्ष ३० दिन हुने र सातौं महिना बछला, तछला गर्दै कौलासम्म ३१ दिन हुने प्रवन्ध गरेको छ ।

यसरी पहिलो ५ महिनाको १५० दिन, छैठौं महिनाको २९ दिन र पछिल्लो ६ महिनाको १८६ दिन गरेर ३६५ दिन हुन्छ । अब ४ वर्षमा एकचोटि चौला महिनाको २९ लाई ३० गरिन्छ, त्यसो गर्दा ३६६ दिन हुन्छ । यस हिसाबले प्रत्येक चार वर्षमा त्यसलाई व्यवस्थित गरेर जान्छ । यो गर्नुपर्नाको कारण सूर्यलाई पृथ्वीले परिक्रमा गर्दा लाग्ने ३६५.२५ को जुन पद्धति छ, त्यो अधिक ०.२५ लाई मिलाउन चौथो वर्ष एकदिन बढाइएको हो ।

यसरी नेपाल संवत्लाई सौर्य मासमा आधारित बनाएर लाने प्रयत्न भएको छ । नेपाल संवत्को सौर्यमास प्रणाली पछिल्लो विज्ञान र प्रविधिको प्रयोग गरी विकास गरेकाले विक्रम संवतभन्दा वैज्ञानिक र स्तरीय देखिन्छ । यसलाई कतिपय व्यवसायीहरुले आफ्नो आन्तरिक कामकाजमा प्रयोग गर्न पनि सुरु गरेका छन् ।

नेपाल संवत्को वैज्ञानिकताको जुन सवाल छ, त्यसमा नेपाल संवत्मा वैज्ञानिकता छैन भनेर कसैले पनि भन्न सकिने आधार छैन । विज्ञानले कारण र परिणामको माग गर्छ ।

चन्द्रमास पद्धतिअनुसार यसका तिथि तय हुन्छ । नेपाल संवत्को पात्रो निर्धारण गर्ने विज्ञहरुद्वारा जुन दिन सूर्यग्रहण हुन्छ भनेका हुन्छन्, त्यो दिन सूर्यग्रहण भएकै छ, जुन दिन चन्द्रग्रहण हुन्छ भनेका हुन्छन्, त्यो दिन चन्द्रग्रहण भएकै छ ।

त्यस्तै पूर्णिमाको दिनमा झलमल्ल जुन लागेकै हुन्छ र औंसीको दिन रात अन्धकार भएकै छ । नेपाल संवत्मा तिथिमितिहरु प्रयोग गर्दा हाम्रो देशको संस्कृति, रितिथिति र परम्पराअनुसार चाडपर्वहरूमा तिथि टुट (तुथ) नहुने गरी क्रमशः मनाउने, घडी पला नहेरी दिनभरी एउटै तिथि प्रयोग गर्ने जस्ता सौर्यमासका विशेषताहरुलाई चन्द्रमासकै तिथिमा समायोजन गरी नेपाल संवत्को तिथि प्रयोग गर्ने प्रचलन छ ।

यस्तो प्रबन्ध विक्रम संवत्मा छैन ।

...बाँकी पृष्ठ ३ मा

### अमेरिकाको ४७ औं राष्ट्रपतिमा डोनाल्ड ट्रम्प निर्वाचित

# ट्रम्पलाई विश्वका नेताहरूको बधाई

काठमाडौं: अमेरिकाको ४७ औं राष्ट्रपतिमा रिपब्लिकन उम्मेदवार डोनाल्ड ट्रम्प निर्वाचित भएका छन् । सन् २०१६ मा पहिलो पटक राष्ट्रपति निर्वाचित भएका ट्रम्प २०२० को चुनावमा भने डेमोक्र्याट उम्मेदवार जो बाइडेनसँग पराजित भएका थिए । त्यसपछि पुनः यसवर्षको चुनावमा उम्मेदवारी दिएका ट्रम्पले डेमोक्र्याट उम्मेदवार उपराष्ट्रपति कमला ह्यारिसलाई पराजित गरेर दोस्रो कार्यकालका लागि राष्ट्रपति निर्वाचित भएका हुन् । यद्यपि निर्वाचन आयोगले आधिकारिक घोषणा गर्न बाँकी छ ।

१० इलेक्टोरल भोट भएको विस्कन्सिन र ३ इलेक्टोरल भोट भएको अलस्कामा रिपब्लिकनको जित पक्का भएको छ । योसँगै राष्ट्रपतिमा ट्रम्पको इलेक्टोरल भोट २७९ पुगेको छ । जबकि राष्ट्रपति निर्वाचित हुनका लागि २७० इलेक्टोरल भोट भए पुग्छ । अमेरिकी रिपब्लिकन नेता डोनाल्ड ट्रम्पले अमेरिकी राष्ट्रपतीय निर्वाचनमा उपराष्ट्रपति कमला ह्यारिसमाथि विजय प्राप्त गरेको बताउँदै विश्वका नेताहरूले उनको प्रशंसा गरेका छन् । राष्ट्रपतीय निर्वाचनको मत परिणामबारे औपचारिक रूपमा घोषणा भइनसकेको भएपनि उनलाई बधाई दिने क्रम सुरु भएको हो ।



युरोपेली संघकी प्रमुख उर्सुला भोन डेर लेयेनले ट्रम्पलाई बधाई दिँदै वासिङ्टन र ब्रसेल्सले 'बलियो ट्रान्सएटलान्टिक एजेन्डा'मा मिलेर काम गर्ने आशा व्यक्त गरेकी छन् । 'म डोनाल्ड जे ट्रम्पलाई हार्दिक बधाई दिन्छु', एक्समा उनले भनेकी छन्, 'इयू र अमेरिका असल मित्रभन्दा माथि एकअर्काका भरपर्दा सहयोगी पनि हुन् । हामी हाम्रा जनताबीचको साँचो साझेदारीमा बाँधिएका छौं, जसले ८० करोड नागरिकलाई एकतामा बाँधेको छ ।' भोन डेर लेयेनले ट्रान्सएटलान्टिक एजेन्डामा सँगै भएर एक बलियो काम गर्ने पनि इच्छा व्यक्त गरेकी छन् ।

त्यसैगरी, उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो) का प्रमुख मार्क रुटले ट्रम्पलाई बधाई दिँदै उनको सत्तामा पुनरागमनले गठबन्धनलाई 'बलियो' राख्न मद्दत पुग्ने बताएका छन् । फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रोँले राष्ट्रपति डोनाल्ड ट्रम्पलाई बधाई दिँदै भनेका छन्, 'हामीले आगामी चार वर्षसम्म सम्मान र महत्वाकांक्षाका साथ उहाँसँग काम गर्न तयार छौँ । तपाईंको र मेरो सम्बन्धले थप शान्ति र समृद्धिका लागि विश्वासको लेखाजोखा गर्नेछ ।' भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ट्रम्पको 'चुनावी विजय'को प्रशंसा गरेका छन् । उनले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'मेरो मित्र डोनाल्ड ट्रम्प तपाईंको ऐतिहासिक चुनावी विजयका लागि हार्दिक बधाई छ ।'

परिणाम ट्रम्पको पक्षमा देखिएसँगै चीनले अमेरिकासँग 'शान्तिपूर्ण सहअस्तित्व'को आशा गरेको बताएको छ । 'हामी पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र दुवै पक्षको हितका लागि सहकार्यको सिद्धान्तमा आधारित चीन-अमेरिका सम्बन्धलाई निरन्तरता दिनेछौं', चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले नियमित ब्रिफिङमा भनेका छन्, 'हामी अमेरिकी जनताको रोजाइको सम्मान गर्छौं ।' त्यसैगरी, युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई 'प्रभावशाली विजय' का लागि बधाई दिँदै आफ्नो कार्यकालले युक्रेनमा न्यायोचित शान्ति ल्याउने विश्वास व्यक्त गरेका छन् ।

'म राष्ट्रपति ट्रम्पको विश्वव्यापी मामिलामा 'शक्तिको माध्यमबाट शान्ति' दृष्टिकोणको प्रतिबद्धताको सराहना गर्दछु । यही सिद्धान्तले युक्रेनमा न्यायोचित शान्ति ल्याउन सक्छ,' जेलेन्स्कीले सामाजिक सञ्जालमा जारी गरेको विज्ञप्तिमा भनिएको छ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले यसलाई पूर्व अमेरिकी नेताका लागि ऐतिहासिक पुनरागमन र अमेरिका-इजरायल गठबन्धनको नयाँ सुरुवात भएको बताएका छन् । नेतन्याहूले आफ्नो कार्यालयद्वारा जारी एक विज्ञप्तिमा भनिएको छ, 'इतिहासको सबैभन्दा ठूलो पुनरागमनको लागि बधाई ! ह्वाइट हाउसमा तपाईंको ऐतिहासिक पुनरागमनले अमेरिकाका लागि नयाँ सुरुवात प्रदान गर्दछ र इजरायल र अमेरिकाबीचको महान् गठबन्धनप्रति एक शक्तिशाली पुनः प्रतिबद्धता प्रदान गर्दछ। यो ठूलो विजय हो ।' उनले अगाडि भनेका छन्, 'उहाँको नेतृत्व हाम्रो गठबन्धनलाई बलियो बनाउन फेरि महत्वपूर्ण हुनेछ । म नाटोमार्फत शक्तिको माध्यमबाट शान्तिलाई अगाडि बढाउन उहाँसँग फेरि काम गर्न उत्सुक छु ।'

*(स्रोत: अनलाइनखबर)*

# ४ महिनामा गौतमबुद्ध क्रिकेट रंगशालाको ११ प्रतिशत काम

चितवन: चितवनको भरतपुरस्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा निर्माण सम्झौता भएको ४ महिनामा ११ प्रतिशत काम सकिएको छ । झण्डै ३ वर्षसम्म रोकिएको रंगशालाको काम अगाडि बढाउन हिमालयन कालिञ्चोक बीबीआर जेभीसँग गत असार २३ गते सम्झौता भएको थियो ।

साउनको तेस्रो हप्ताबाट निर्माण थालेकामा हालसम्म ११ प्रतिशत काम सकेको निर्माण कम्पनीका साइट इन्चार्ज विजय ढकालले जानकारी दिए । उनका अनुसार रंगशालाको भीआईपी प्यारापिट टावर बनाउने काम सुरु गरिएको छ । साढे दुई तलाको हुने दुईवटा भीआईपी टावरको जमिन ढलान तथा पिलर उठाउने काम सकिएको छ ।

दशैं र तिहारका बेला पनि थोरै जनशक्ति राखेर काम गरिरहेको उनले बताए । छठमा धेरैजसो कामदारहरु घर गएकाले काम सुस्त छ । छठलगत्तै दुई सिफ्टमा काम गरेर दुई प्यारापिटमा अलग अलग काम हुने ढकालले जानकारी दिए । 'साउनको तेस्रो हप्ताबाट मात्रै भौतिक पूर्वाधारको काम थालिएको हो, बीचमा बर्खाले पनि डिस्टर्ब गऱ्यो, त्यसपछि चाडबाडहरु आए', उनले भने, 'अब छठ पछि कामले गति लिन्छ ।'

ठेक्का सम्झौतापछि प्यारापिटतर्फको चार वटा स्ट्याण्डमा सोलिङ गरेर पीसीसी ढलान सकिएको छ । अब प्यारापिटका कामहरूसँगै मैदानको समेत काम अगाडि बढ्ने उनले जानकारी दिए । पुल्चोक इन्जिनियर कलेजका प्राविधिकहरूले बनेर अलपत्र बनेका पिलर तथा रडहरुको परीक्षण हालै सकेका छन् ।

अब प्यारापिट थप गर्दा रडमा लागेको खियाको उपचार गरेरमात्रै थप रडहरु जडान गरिने ढकालले बताए । नयाँ ठेक्कामा भीआईपी टावर पूरा गर्ने, मैदान र प्यारापिटकोसमेत काम गर्ने उल्लेख छ । दुई वटा भीआईपी टावरमा भीआईपी पाहुनासहित प्लेयर बक्स, अफिसियल बक्स, कर्पोरेट बक्सहरु रहनेछन् ।

भरतपुर महानगरपालिका-१५, रामपुरमा बन्न लागेको रंगशालामा १५ हजार दर्शक अट्ने प्यारापिटसहित ५ वटा पिच बनाइँदैछ । भरतपुर महानगरका इन्जिनियर (उपनिर्देशक) सन्तोष आचार्यका अनुसार थप १० हजार क्षमताको प्यारापिटसहित मैदान हिमालयन कालिञ्चोक बीबीआर जेभीले तयार गर्नेछ ।

सुरुमा रंगशाला निर्माण थालेको धुर्मस सुन्तली फाउण्डेसनले ५ हजार जना अट्ने प्यारापिट तयार गरिसकेको छ । प्यारापिटका लागि २८६ पिलर उभ्याइएको छ ।

पानी पर्दा नजम्ने र चाँडै नै खेल्न मिल्ने बनाउने प्रविधिको प्रयोग मैदानमा गर्न लागिएको छ । मैदानको भित्री भागमा पाइपहरु राखेर जमेको पानी नालीमा खसाउन मिल्ने गरी डिजाइन गरिएको छ । यो ठेक्का सम्झौतामा रात्रिकालीन खेल खेलाउन मिल्ने फ्लड लाइट हुनेछैन भने डिजिटल स्कोरबोर्ड पनि राखिएको छैन । यी दुबै कामका लागि अर्को चरणको ठेक्का लगाउने भरतपुर महानगर पालिकाले जनाएको छ । निर्माणस्थलमा सहजीकरणका लागि महानगरपालिकाको एक कार्यालय तथा सुरक्षाकर्मीहरु छन् ।

रंगशाला निर्माणको पहिलो किस्ता (१० प्रतिशत) बापत निर्माण कम्पनीले ६ करोड ८० लाख रकम असार मसान्त अगाडि नै भुक्तानी लिइसकेको छ । ३० महिनाभित्र सक्ने गरी निर्माण कम्पनीले भरतपुर महानगरपालिकासँग गत असार २३ गते सम्झौता गरेको थियो । २०८३ पुस २२ गतेसम्म निर्माणको म्याद दिइएको छ ।

रंगशाला निर्माण लागत ७५ करोड ५० लाख ९१ हजार १ सय ८९ रुपैयाँ रहेको महानगरपालिकाका उपनिर्देशक जगन्नाथ अर्यालले जानकारी दिए । महानगरले रंगशाला निर्माणलाई उच्च प्राथमिकतामा राखेको भन्दै उपनिर्देशक अर्यालले तोकेको अवधिभन्दा अगाडि नै रंगशालाको काम सक्ने गरी निर्माण कम्पनीलाई सहजीकरण गरिरहेको बताए ।

रंगशाला निर्माणका लागि चालु आर्थिक वर्ष संघीय सरकारले २५ करोड र भरतपुर महानगरपालिकाले ४ करोड ८० लाख बजेट विनियोजन गरेका छन् । यस्तै, बागमती प्रदेश सरकारले कुल ठेक्का रकमको ७० प्रतिशत रकम व्यहोर्ने निर्णय गरेको छ । रंगशालाका लागि बागमती प्रदेश सरकारले ५२ करोड ५० लाख रकम दिने निर्णय यसअघि गरिसकेको छ ।

धुर्मस-सुन्तली फाउण्डेसनले बनाउन सुरु गरेको रंगशाला बजेट अभाव भएको भन्दै २०७८ साउन २२ गतेबाट पूर्णरुपमा काम रोकिएको थियो । त्रिभुवन विश्वविद्यालयको नाममा रहेको तथा कृषि तथा वन विज्ञान विश्वविद्यालयले भोगचलन गरेको २० बिघा १९ कट्ठा जग्गामा धुर्मस-सुन्तली फाउण्डेसनले निर्माण थालेको रंगशालाको काम ३९ प्रतिशत सकिएको फाउण्डेसनको दाबी छ । *(स्रोत: अनलाइनखबर)*

## नेपाल संवत्...

त्यसैले आजभोली स्वन्ति (त्रिहार वा तिहार लगातार तीन दिन) हुनुपर्ने कहिले एउटै तथि दुई दिन पारी निन्ति (दुईहार) कहिले घडी पला हेरी तिथि टुट भन्दै चार दिन पारी प्यन्ति (चारहार) हुन थाल्यो ।

यसपटक त सुरु र अन्त्य हिसाव गरी स्वन्ति (तिहार) ५ दिन हुन गयो । नेपाल संवत् प्रयोग गर्दा यस्तो समस्या नहोस भन्नाका लागि नै शक संवतको तिथिमितिहरुमा आवश्यक स्तरीयकरणसहित यसलाई प्रयोग गरिएको हो भन्ने यसका विज्ञहरुको दावा रहेको स्पष्ट छ ।

नेपाल संवत् प्रारम्भ हुनुको पछाडि राष्ट्रियताको भावना, लोकतान्त्रिक आन्दोलनसँग जोडिएका इतिहास र सामाजिक परिवर्तनका सन्दर्भहरु पनि छन् । नेपालमा अरु संवत्हरुको प्रयोगमा यस्तो देखिँदैन । हामीले पञ्चायतकालमा शुभकामना आदानप्रदानको कार्यक्रम राख्दा दमन गरी धरपकड र राज्य आतंक सृजना गरेपछि हामी पञ्चायत व्यवस्थाविरुद्ध जानैपर्ने स्थिति बन्यो । हामीले लोकतान्त्रिक आन्दोलनसँग जोडेर यसलाई अगाडि बढायौं ।

राष्ट्रियताका भावना त यो संवत्सँग जोडिएकै छ । यसको नामले त्यसलाई प्रतिविम्बित गर्छ र अन्तर्राष्ट्रिय समुदायमाझ पनि चिनिएकै छ । संयुक्त राष्ट्रसंघमा नेपालले सदस्यता प्राप्त भएको बखत भारतको भन्दा फरक नेपालको मौलिकता झल्काउने माध्यमको रुपमा यहाँको मौलिक संस्कृति, लिपि, संवत् आदि प्रस्तुत गर्नुपर्ने परिस्थिति सृजना भएको थियो । त्यसको एउटा साधन संवत् पनि थियो ।

नेपालमा लोकतन्त्र बहाली भई २०१५ सालको पहिलो आम निर्वाचपश्चात २०१६ सालमा विश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री भए । त्यसपश्चातको लोकतान्त्रिक वातावरणमा संयुक्त राष्ट्र संघका साथै विभिन्न कूटनीतिक नियोगहरुमा नेपाली प्रतिनिधिहरुको पहलमा नेपाल संवतको पहिलो दिन 'नेपाल डे' भनेर मनाउन सुरु भएको थियो ।

वास्तवमा नेपाल संवत्ले नेपालको पहिचान स्थापित गर्न मद्दत गरेको पनि थियो । तर नेपालमा जब नेपाल भाषा मंका: खल:को स्थापना गरी २०३६ सालबाट नेपाल संवतको शुभकामना आदानप्रदानको भिंतुना जुलुश कार्यक्रम अगाडि बढाइएपछि त्यसमा केही पूर्वाग्रह साँधियो र विविध बहाना बनाएर २०३८ साल (नेपाल संवत् ११०२) तिर आएर संयुक्त राष्ट्रसंघ लगायतका कुटनीतिक नियोगहरुमा 'नेपाल डे' मनाउने परम्परा तत्कालीन पञ्चायती सरकारले खारेज गऱ्यो ।

नेपाल संवतमा राष्ट्रियताको भावना साथै सामाजिक परिवर्तनको भावना पनि प्रचुर मात्रामा छ । जस्तो कि ऋणमोचन जस्तो लोक कल्याण, सामाजिक न्याय र परोपकारी भावना । आफूले कमाएको सम्पत्तिलाई प्रयोग गरेर सम्पूर्ण जनतालाई ऋण मुक्त बनाएर शंखधर साख्वा:ले नेपाल संवत् सुरु गर्यो । साख्वा: भन्ने शब्द संस्कृतको साखवालबाट आएको देखिन्छ ।

इतिहासकार भुवनलाल प्रधानका अनुसार साखवाल भनेको ऋण लिने दिने एउटा आर्थिक कारोबार गर्ने समुदाय हो । यसलाई अंग्रेजी भाषामा क्रेडिटर भन्न सकिन्छ । आधुनिक बैंकिंग प्रणाली सुरु नभएको बेला लेनदेन गर्ने सबै कामहरु यिनीहरुबाटै हुने गर्थ्यो । एकजना परोपकारी भावना भएको व्यापार विनियममा लाग्ने व्यक्तित्वले आफूले कमाएको धनसम्पत्तिबाट सम्पूर्ण जनताको ऋणमोचन गरी आर्थिक दासताबाट मुक्त गरेर यो नयाँ संवत् शुरु गरेको हो ।

त्यसैले नेपालमण्डालका तत्कालीन मूल राजा राघवदेवले आफ्ना जनताको भलो हुने देखी इस्वी संवत् ८७९ अक्टोवर २० का दिनदेखि सम्पूर्ण तिथिहरू शक संवत् र मानदेव संवत्कै प्रयोग हुने गरी त्यसलाई यथावत नै राखेर कछलाथ्व पारुदेखि यो संवत् सुरु गरिएको देखिन्छ । यी तथ्यहरूले यो संवतको गरिमामय इतिहास पुष्ट्याइँ गर्छ ।

नेपाल संवतको गरिमामय इतिहासलाई फेरि पनि पुनर्स्थापित गर्नुपर्छ र शंखधर साख्वा:को लोककल्याणकारी भावनालाई अन्तराष्ट्रिय क्षेत्रमा पनि प्रचार प्रसार गर्नुपर्दछ । नेपालमा पनि सबै तहको सरकार र जनस्तरमा यसको प्रयोग गर्नुपर्दछ ।

यस सन्दर्भमा २०४६ सालको परिवर्तन र २०६२/६३ सालको जनक्रान्तिपश्चात गरिएका निर्णयहरु उल्लेखनीय छन् । तर ती निर्णयहरूको पछाडी नेपाल संवत् आन्दोलन को महत्त्वपूर्ण भूमिका रहेको छ भन्ने कुरा भुल्नु हुँदैन ।

खासगरी २०५६ (नेपाल संवत् ११२०) सालमा तत्कालिन कृष्णप्रसाद भट्टराईको सरकारबाट शंखधर साख्वा:लाई राष्ट्रिय विभूति घोषणा गर्नु, २०६५ साल (ने.सं.११२८ मा निर्णय गरी ११२९ को न्हूदँको दिन घोषणा) मा तत्कालिन प्रधानमन्त्री पुस्पकमल दाहाल प्रचण्डद्वारा राष्ट्रिय मान्यताको घोषणा गर्नु र २०८० साल (ने.सं. ११४४) मा सरकारी कामकाजमा प्रयोग गर्ने निर्णय भई कार्यान्वयनमा लानु महत्वपूर्ण निर्णय हो ।

त्यसरी नै बागमती प्रदेश सरकार र काठमाडौं, ललितपुर लगायतका केही स्थानीय सरकारहरूले पनि नेपाल संवत्लाई प्रयोगमा ल्याइसकेको छ । त्यसैले प्रत्येक नेपालीहरु, जो न्याय, स्वतन्त्रता, समानता र परिवर्तनका हिमायती छन्, सबैले यसमा गर्व गर्नुपर्छ । यसको मुख्य कारणहरूमा: पहिलो, नेपाल संवत् मौलिक संवत् हो ।

दोस्रो, यो कुनै देवी देवता, धर्मगुरु वा राजा महाराजाको नाममा स्थापित संवत् होइन । तेस्रो, यो संवतसँग जनतालाई आर्थिक दासताबाट मुक्त गराएको गौरवमय जनश्रुति गाँसिएको छ । चौथो, यो संवत् स्थापना भएको बेलाका राजा राघवदेव स्वयं पनि यस संवत्का संस्थापक शंखधर साख्वा:को देशप्रेम, परोपकारी भावना र ऋणमोचन जस्तो पवित्र कार्यबाट प्रभावित भएर यो संवत् प्रचलनमा ल्याउन स्वीकृति प्रदान गरिनु आदि ।

अन्तमा नेपाल संवत्का प्रवर्तक हाम्रा राष्ट्रिय विभूति शंखधर साख्वा:प्रति हार्दिक सम्मान प्रकट गर्दछु । नेपाल संवत्को नयाँ वर्ष ११४५ भव्य रुपले मनाऔं, राष्ट्रिय एकता प्रकट गरौं । देशभित्र र विदेशमा फैलिएर रहेका सबै नेपालीहरुलाई म हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

*(-लेखक नेपाल संवत् न्हूदँ राष्ट्रिय समारोह समिति ११४५ को अध्यक्ष हुनुहुन्छ । स्रोत: रातोपाटी)*

# दलालको 'फन्दा'मा परेर जापान पुगेपछि मन्त्री पद चट्

विराटनगर: कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री लिलाबल्लभ अधिकारीले राजीनामा दिएका छन् । आफ्नो जापान भ्रमण विवादमा परेपछि उनले बुधबार मुख्यमन्त्रीलाई राजीनामापत्र बुझाएका हुन् ।

'मेरो निजी जापान भ्रमणको विषयलाई लिएर केही टीकाटिप्पणी बाहिर आयो', अहिले राजनीतिमा नैतिक खडेरी रहेको भन्दै अधिकारीले भने, 'यस्ता टीकाटिप्पणी सुनिसकेपछि पदमा बसिरहन उचित लागेन ।' एमालेबाट निर्वाचित अधिकारी ४ जेठ २०८१ मा आन्तरिक मामिलामन्त्री भएका थिए । उनले ११ कात्तिकदेखि १५ कात्तिकसम्म जापान भ्रमण गरेका थिए ।

जापान भ्रमणका विषयमा मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई मौखिक जानकारी गराए पनि मन्त्रिपरिषद् बैठकबाट स्वीकृत भएको थिएन । यसलाई लिएर सार्वजनिकरुपमा प्रश्न उठेपछि मुख्यमन्त्री कार्कीले मंगलबार सोधीखोजी गरेका थिए । बुधबार बोलाएर छलफल गरे । त्यसक्रममा मन्त्री अधिकारीले दलालको फन्दामा परेको स्वीकार गरेपछि मार्गप्रशस्त गर्न निर्देशन दिएका थिए । लगत्तै उनले राजीनामा दिएका हुन् ।

### हङकङमा तीन जना भेटेपछि झस्किए

अधिकारीलाई जापानको टोकियो महानगरपालिकाको कार्यक्रममा सहभागी हुनका लागि निम्तो आएको थियो । उनलाई पठाइएको निम्तोमा अक्टोबर २९ देखि नोभेम्बर ३ सम्म कार्यक्रमको तालिका थियो । उनलाई जापान जाने व्यवस्थापन मोरङ घर भई काठमाडौं बस्दै आएका एक एमाले कार्यकर्ताले मिलाएका थिए ।

अधिकारीका अनुसार २५ अक्टोबरमा भिसा लाग्यो । उनी २७ अक्टोबरमा जापानका लागि उडे । टोकियोको कार्यक्रममा मन्त्रीको हैसियतमा एक्लै जाने र सम्पूर्ण खर्च आयोजकले ब्यहोर्ने जानकारी व्यवस्थापकले गराएका थिए ।

आफ्नै क्षेत्रका कार्यकर्ताको विश्वास गरेर हिँडेका उनी हङकङ पुगेपछि झस्किए । हङकङमा ट्रान्जिटको बेला उनीसँगै कार्यक्रममा सहभागी हुन हिँडेको भन्दै तीन जना नेपाली भेट्न आए । भ्रमण दलको सदस्य भन्दै खोटाङका जनक राई र दावा शेर्पा तथा रसुवाका कञ्चन देवकोटाले उनलाई भेटेका थिए ।

तीनै जनाको साथमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कोशी प्रदेशको सहायक स्तरको कर्मचारीको परिचयपत्र थियो । मन्त्रालयको परिचयपत्र बोकेका तीन जनालाई सोधीखोजी गर्दा टोकियोमा पुगेपछि नफर्किने जवाफ दिए ।

अवैधरुपमा मानिस ओसारपसार गर्ने समूहले आफूसँगै तीन जनालाई जापान पुऱ्याउन लागेको थाहा पाएपछि अधिकारी झस्किए । 'मन्त्रालयका कर्मचारी त म चिन्छु, तीन जना परिचय गर्न आएपछि म झस्किएँ', अधिकारीले भने, 'हङकङबाट फर्कन खोजें, तर ट्रान्जिट भएकाले मिलेन, टोकियो पुग्नै पऱ्यो ।'

टोकियो पुगेपछि मन्त्री अधिकारी पूर्वनिर्धारित कार्यक्रममा गएनन्, आफूसँग गएका तीनै जनालाई लिएर नेपाल फर्किए । 'कार्यक्रममा गएको भए उनीहरु लुक्ने थिए, त्यसैले गइनँ', उनले भने, 'सँगै नेपाल फर्किएर उनीहरुलाई प्रहरीको जिम्मा लगाएँ ।'

उनका अनुसार तीन जनालाई जापान लैजाने भनेर पैसा पनि उठाएको देखिएको छ । हङकङबाटै नेपाल प्रहरीको बिशेष ब्यूरोका डीआईजी राजन अधिकारीलाई जानकारी गराएको मन्त्री अधिकारीको भनाइ छ । यहाँ आएपछि प्रहरीलाई जिम्मा लगाएको भन्दै उनले भने, 'अनुसन्धानका लागि प्रहरी महानिरीक्षकलाई पनि जानकारी गराएको छु ।'

प्रहरी विशेष ब्यूरोले पनि अधिकारीले तीन जनालाई अनुसन्धानका लागि जिम्मा लगाएको स्वीकार गरेको छ । 'उहाँ (अधिकारी) ले जानकारी गराएपछि तीन जनालाई नियन्त्रणमा लिएर कारवाहीका लागि पठाएका छौं', विशेष ब्यूरो स्रोतले भन्यो, 'म्याद थप गरेर उपत्यका प्रहरीले अनुसन्धान गर्दैछ ।'

नेकपा एमाले प्रमुख सचेतक रेवतीरमण भण्डारी मन्त्री अधिकारीको भ्रमणका विषयमा दलमा अनौपचारिक कुराकानी भएको बताउँछन् । प्रश्न उठेपछि मन्त्रीले दलका नेता (मुख्मन्त्री)सँग सल्लाहमा राजीनामा दिएको उनले बताए । एमाले संसदीय दलका नेतासमेत रहेका मुख्यमन्त्री कार्कीले भने यो विषयमा प्रतिक्रिया दिन चाहेनन् । 'उहाँले राजीनामा दिनुभयो मैले स्वीकृत गरें', मुख्यमन्त्री कार्कीले भने, 'यस विषयमा थप नजाऊँ ।' *(स्रोत: अनलाइनखबर)*

## बकैयाका वडाध्यक्ष...

पुर्जी जारी गरेको थियो । प्रहरीले उनीहरुविरुद्ध लिखत सम्बन्धी कसुरमा अदालतमा मुद्दा दायर गरेको थियो ।

बकैया-४ का ४६ वर्षीय ब्लोनलाई मृतक गुरुङको नक्कली छोरा बनाएर वडाध्यक्ष दंगालले १८ मंसिर २०८० मा मृत्युदर्ता र नाता प्रमाणित लगायतका कागजात तयार पारिदिएका थिए । सोही घटनामा संलग्न रहेको आरोपमा वडा सचिव श्रेष्ठ, ब्लोन र न्यासुरलाई जिल्ला अदालतले २१ असारमा नै पुर्पक्षका लागि थुनामा पठाएको प्रहरीले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

## चैनपुर जेसीजको खुला फुटबल प्रतियोगिताको खेलतालिका सार्वजनिक

# उद्घाटन खेलमा मनहरी-४ र एफसी नमोबुद्ध भिड्ने




*चैनपुर जेसीज कप फुटबल प्रतियोगिताको खेलतालिका ।*

**समाज संवाददाता**

हेटौंडाः पश्चिमी मकवानपुरमा सक्रिय युवाहरुको संस्था चैनपुर जेसीज मनहरीको आयोजनामा हुन लागेको खुला फुटबल प्रतियोगिताको खेलतालिका सार्वजनिक भएको छ । मनहरी-४, मसिनेस्थित गोलघर खेल मैदानमा हुन लागेको दोस्रो संस्करणको चैनपुर जेसीज मनहरी कप खुला फुटबलको खेल तालिका बुधबार सार्वजनिक भएको हो ।

भोलि शुक्रबार हुने उद्घाटन खेलमा मनहरी गाउँपालिकाको ४ नम्बर वडा र एफसी नमोबुद्धको टिमबीच प्रतिस्पर्धा हुनेछ । खेल दिउँसो १ बजेबाट सुरु हुने खेलतालिकामा उल्लेख गरिएको छ ।

प्रतियोगिताका लागि मनहरी गाउँपालिका ४ नम्बर वडा कार्यालयको मुख्य प्रायोजन रहनेछ । प्रतियोगिताको विजेताले एक लाख एक हजार १११ रुपैयाँ र उपविजेताले ५१ हजार १५१ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ७ हजार ५ सय रुपैयाँ तथा अन्य विधागत उत्कृष्टले जनही नगद ३ हजार ५ सय रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा १६ वटा टिमहरुको सहभागिता रहेको छ ।

प्रतियोगितामा मनहरी-४, एफसी नमोबुद्ध, सक्षम युवा क्लब, एफसी ढिँडो, कमाने फुटबल एकेडेमी, जेसीआई मकवानपुरगढी, पदमपोखरी युनाइटेड एफसी, आरआर एफसी, हाँडीखोला युथ क्लब, जनसिद्ध युवा क्लब, एफसी परेली क्लब, टिएनटी मनहरी, हेटौंडाको नारायणी कलेज, मनहरी २ नम्बर वडा, मनहरी ५ नम्बर वडा र ऋषेश्वर युवा क्लबको टिमको सहभागिता रहनेछ ।

चैनपुर जेसीज मनहरीको स्थापना भएसँगै गत वर्षबाट जेसीज कप खुला फुटबल प्रतियोगिताको सुरुवात गरेको आयोजकले जानकारी गराएको छ। खेलको विकास एवम् युवाहरुको बीचमा भातृत्वको सम्बन्ध स्थापनाका लागि प्रतियोगितालाई निरन्तरता दिँदै आएको क्लबले जनाएको छ । प्रतियोगिताका लागि करिब ५ लाख रुपैयाँ खर्च हुने अनुमान आयोजकको रहेको छ । प्रतियोगिताको फाइनल खेल मंसिर ३ गते हुनेछ ।

# वृद्ध मृत फेला

**समाज संवाददाता**

हेटौंडाः चितवनको भरतपुर महानगरपालिका-१, पोखरा बसपार्क पछाडि गौरेश्वर मन्दिरको गेट अगाडि एकजना वृद्ध मृत फेला परेका छन् ।

मंगलबार दिउँसो २ बजेर १५ मिनेटको समयमा गौरेश्वर मन्दिरको गेट अगाडि नामथर नखुलेको मागेर हिँड्ने तराई समुदायको अन्दाजी ८० वर्षीय पुरुष मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

# बेहोस अवस्थामा फेला परेका राईको मृत्यु

**समाज संवाददाता**

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिका-३, लामिटारमा बेहोस अवस्थामा फेला परेका पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा ४२ वर्षीय प्रकाश राई रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

मंगलबार राई आफ्नै घरमा बेहोस भई ढलिरहेको अवस्थामा फेला परेका थिए । राईलाई उपचारका लागि हेटौंडा अस्पताल ल्याएकोमा मंगलबार साँझ ६ बजेर २० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

# बस र मोटरसाइकल आपसममा ठोकिँदा एक जनाको मृत्यु

**समाज संवाददाता**

हेटौंडाः चितवन जिल्लाको रत्ननगर नगरपालिका-२, सब्जीमण्डीमा बस र मोटरसाइकल एक आपसममा ठोकिँदा मोटरसाइकलमा सवार एक जनाको मृत्यु भएको छ । मंगलबार पूर्वपश्चिम सडकखण्डमा खैरहनीबाट टाँडीतर्फ आउँदै गरेको म प्र ०१-००१ ख ०४५७ नम्बरको बस र टाँडीबाट खैरहनीतर्फ जाँदै गरेको ना २४ प १९१८ नम्बरको मोटर साइकल एक आपसमा ठोकिँदा मोटर साइकलमा सवार एक जनाको निधन भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

दुर्घटनामा मोटरसाइकलमा सवार रत्ननगर नगरपालिका-१३, अमिलियाका २१ वर्षीय सुनिल पौडेल, २० वर्षीय साहिल परियार र २१ वर्षीय सञ्जय लामा घाइते भएका थिए । घाइते तीनै जनालाई उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा सुनिलको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । घाइते साहिल र सञ्जयलाई थप उपचारका लागि ट्रमा सेन्टर काठमाडौं रिफर गरिएका छ । बस चालक सिराहाको मिर्चैया नगरपालिका-९ का ४६ वर्षीय सुनिल चौधरीलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय रत्ननगर टाँडीमा लगिएको र मोटरसाइकल चालकको पहिचान नभएको प्रहरीले जनाएको छ ।

# बस दुर्घटनामा ३५ जना यात्रु घाइते

**समाज संवाददाता**

हेटौंडाः पूर्व-पश्चिम राजमार्ग अन्तर्गत मकवानपुरको मनहरी गाउँपालिका-७, रमनटार समीडाँडामा बस दुर्घटना हुँदा ३५ जना यात्रु घाइते भएका छन् । मंगलबार बिहान ४ बजेको समयमा काठमाडौंबाट महोत्तरी जाँदै गरेको प्रदेश २-०३-००१ ख ३६२९ नम्बरको बस आफैँ अनियन्त्रित भई सडकबाट १० मिटर तल पल्टिँदा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

दुर्घटनामा घाइतेमध्ये २८ जनालाई उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुरमा पठाइएको छ । जसमध्ये १३ जनाको अवस्था मध्यम र १५ जनाको सामान्य रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक विश्वराज खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार मनहरी अस्पतालमा तीन जना र हेटौंडा अस्पतालमा चार जना घाइतेको उपचार भइरहेको छ । हेटौंडा अस्पतालमा उपचार गरिरहेका घाइतेको सामान्य उपचारपश्चात् डिस्चार्ज भई गन्तव्यतर्फ गएको प्रहरीले जनाएको छ ।

# जिल्लास्तरीय मेयर कप कराँते प्रतियोगिता हुने

**समाज संवाददाता**

हेटौंडाः हेटौंडामा प्रथम संस्करणको जिल्लास्तरीय मेयर कप कराँते प्रतियोगिता हुने भएको छ । नेपाल सितोरियो कराँते संघ जिल्ला कार्यसमिति मकवानपुरको आयोजना तथा हेटौंडा उपमहानगर पालिकाको मुख्य सहयोगमा पहिलो संस्करणको जिल्लास्तरीय मेयर कप खुला कराँते प्रतियोगिता हुने भएको हो ।

बुधबार सितोरियो कराँते संघ मकवानपुरका अध्यक्ष दीपकबहादुर तामाङले पत्रकार सम्मेलन आयोजना गर्दै आगामी मंसिर १४ र १५ गते २ दिनसम्म हुने कराँते प्रतियोगिताको बारेमा जानकारी दिनुभएको छ । आफू कराँते संघको अध्यक्ष पदमा आवद्ध भएदेखि विभिन्न कारणले प्रतियोगिता सञ्चालन गर्नुपर्ने क्रममा खेल आयोजना गर्न नसकेको अवस्थालाई मध्यनजर गरेर प्रतियोगिता आयोजना गर्न लागेको अध्यक्ष तामाङले बताउनुभयो ।

प्रतियोगिता सञ्चालनका लागि बजेटको सन्दर्भमा आवश्यक छलफल गर्न बाँकी रहेको उहाँले बताउनुभयो । हेटौंडा उपमहानगरपालिकाले प्रतियोगिताका लागि २ लाख रुपैयाँ सहयोग गरेको उहाँले बताउनुभयो ।

हेटौंडा-४ स्थित बुद्ध स्नुकर हाउस र हेटौंडा-१० स्थित एस-वान स्नुकर क्लबको पनि प्रतियोगितामा प्रायोजन रहने उहाँले बताउनुभयो । मकवानपुर जिल्लाका १५ वटा डोजाङबाट महिला र पुरुष गरी करिब ३ सय ४५ जना खेलाडीहरुको प्रतियोगितामा सहभागिता रहने अनुमान रहेको जानकारी दिँदै अध्यक्ष तामाङले भन्नुभयो-.'१५ देखि २० जना रेफ्री बाहिरबाट र बाँकी स्थानीय रेफ्रीको सहभागिता रहनेछ। प्रतियोगितामा खेलाडी र अफिसियलसहित ३ सय ४५ जनाको सहभागिता रहनेछ ।'

प्रतियोगितामा पुरुषतर्फ २५ देखि ६७ केजी तौल समूहका र महिलातर्फ २५ देखि ६० केजी तौल समूहका खेलाडीहरुबीच प्रतिस्पर्धा हुनेछ । मकवानपुरको बागमती गाउँपालिकाको पाँच पाण्डब डोजो र बागमती डोजो, बकैया गाउँपालिकाको फापरबारी डोजो र बकैया डोजो, हेटौंडा उपमहानगरपालिकाको लेवट डोजो, नवलपुर डोजो, लामसुरे डोजो, वंशगोपाल डोजो, थानाभञ्याङ डोजो, बसामाडी डोजो, मयूरधाप डोजो, चौघडा डोजो, थाहा नगरपालिकाको पालुङ डोजो र बज्रबाराही डोजो, मकवानपुरगढी गाउँपालिकाको गढी डोजो र मेन डोजोबाट खेलाडीहरु सहभागी हुनेछन् । प्रतियोगितामा महिला पुरुषको एकल काता विधामा पनि प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा सहभागी हुने खेलाडीहरुका लागि निःशुल्क खाना र बासस्थानको पनि व्यवस्था गरिएको उहाँले बताउनुभयो । प्रतियोगितमामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुले क्रमशः स्वर्ण, रजत र काँस्य पदकसहित प्रमाणपत्र प्राप्त गर्नेछन् भने प्रतियोगिताको उपाधि विजेता, उपविजेता र तृतीय हुने टिमहरुले पनि ट्रफ्री प्राप्त गर्नेछन् । यस्तै, प्रतियोगिताको उत्कृष्ट महिला र पुरुष खेलाडी १/१ जनाले ट्रफ्री र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिता सम्पन्न गर्नका लागि करिब ५ लाख रुपैयाँ खर्च हुने अनुमान आयोजकको रहेको छ ।

पत्रकार सम्मेलनमा सितोरियो कराँते संघका उपाध्यक्ष रोशिक श्रेष्ठ, सचिव नारायणप्रसाद थपलिया, कोषाध्यक्ष तथा कार्यक्रम संयोजक पूर्णभक्त लामा, जिल्ला सदस्य तथा एस-वान स्नुकर क्लबका सञ्चालक सुनिल खड्गी, प्रशिक्षक सुरेन्द्रमान श्रेष्ठ, मुकुन्दमान श्रेष्ठ र पशुपति बर्तौलाको उपस्थिति रहेको थियो ।

# भन्सार छली ल्याएको सामान नियन्त्रण

**समाज संवाददाता**

हेटौंडाः जिल्ला प्रहरी कार्यालय धनुषाले भन्सार छली ल्याएको सामान नियन्त्रणमा लिएको छ । धनुषा जिल्लाको जनकपुरधाम उपमहानगरपालिका २४, १६ र ६ नम्बर वडाबाट विभिन्न मितिमा भन्सार छली चोरी पैठारी गरी ल्याएको सामान प्रहरीले नियन्त्रणमा लिएको हो ।

विभिन्न किसिमका सर-सामानहरु लुकाइछिपाई ल्याउँदैछ भन्ने विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय धनुषा तथा मातहतका प्रहरी एकाइबाट खटिएको प्रहरी टोलीले सवारी साधनसहित २२ लाख १९ हजार ६ सय ८० रुपैयाँ बराबरको सामान नियन्त्रणमा लिएको छ । नियन्त्रणमा लिएको सामानसहित सवारी साधनलाई मंगलबार आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पठाएको जिल्ला प्रहरी कार्यालय धनुषाले जानकारी दिएको छ ।

# ५ किलो सुनसहित ३ जना विदेशी नागरिक पक्राउ

काठमाडौंः त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ५ किलो ७ सय ग्राम सुनसहित ३ जना विदेशी नागरिक पक्राउ परेका छन् । पक्राउ पर्नेमा चिनियाँ नागरिक जियानझोङ र म्यानमारका सातनाइनटुङ र इन डोन फू छन् ।

उनीहरु मंगलबार साँझ पक्राउ परेका हुन् । उनीहरु एयर अरेबियाको उडान नं. जी ९५३० मा शारजाहबाट काठमाडौं आएका थिए । उनीहरुलाई भन्सार ब्यागेज क्षेत्रमा रिचेक (पुनः जाँच) गर्ने क्रममा लगेजभित्र राखेको १२ थान स्पिकरमा लुकाइराखेको अवस्थामा सुनसहित पक्राउ परेका हुन् ।

नियन्त्रणमा लिइएका तीनै जनालाई आवश्यक अनुसन्धानको लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा राखिएको सशस्त्र प्रहरीका डिएसपी शैलेन्द्र थापाले जानकारी दिए ।

*(स्रोतः अनलाइनखबर)*


## साईबर अपराधबाट बचौं

### ईन्टरनेट प्रयोग गर्दाः

- बलियो पासवर्ड राखौँ र पासवर्डलाई समय–समयमा परिवर्तन गरौ,
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौँ,
- सामाजिक संजालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔ, यस्ता कल पटक–पटक आए ब्लक गरौँ,
- आफ्ना व्यक्तिगत विवरणहरु ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्ममिति आदि कसैलाई शेयर नगरौँ, सुरक्षित राखौँ,
- अनावश्यक सफ्टवेयरहरु ईन्स्टल नगरौ, गरेको भए हटाऔँ,
- सामाजिक संजाल, ईमेल वा अन्य कुनै वेव एप्लिकेशन प्रयोग गरिसकेपछि साइन आउट गरौं,
- डिजिटल डिभाईसहरु मर्मत गर्न दिंदा सम्पूर्ण विवरणहरु हटाएर मात्र दिऔँ,
- सामाजिक संजालमा अनावश्यक फोटो तथा व्यक्तिगत विवरणहरु नराखौं,



नेपाल सरकार
विज्ञापन बोर्ड



सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज
सुनौं र सुनाऔं











## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म


सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७


## बुधबारे बालसाहित्य



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ